# जगन्नाथ गाउँपालिका
# JAGANNATH RURAL MUNICIPALITY
## गाउँकार्यपालिकाको कार्यालय
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
जुड्डी, बाजुरा
JUDDI, BAJURA
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

प.सं./*Letter No.*: ०८३/०८४
च.नं./*Ref. No.*:

मिति:२०८३।०५।०३
ने.स.११४६ गुंलाथ्व सप्तमी

जगन्नाथ गाउँपालिकामा निर्माण गरिएको कोल्डस्टोर सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३।०५।०३)

यस जगन्नाथ गाउँपालिकाको केन्द्र जुड्डी,बाजुरामा निर्माणकार्य सम्पन्न भएको कोल्ड स्टोर सञ्चालनका लागि स्थानीय कृषक, कृषक समूह, कृषि सहकारी तथा समुदायमा आधारित संस्थाहरूको कृषि उपज भण्डारणका प्रयोजनका लागि कार्यापालिकाको निर्णयबमोजिम इच्छुक कृषक /कृषक समूह/सहकारी/संस्था माग आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको प्रकाशन भएको १५ दिनभित्र जगन्नाथ गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। यस सम्बन्धमा थप जानकारीका लागि सम्पर्क नं. ९८६८५७७०८२ मा सम्पर्क गर्नुहोला।

प्राथमिकताका आधारहरू

१. कृषि उपजको उत्पादन तथा प्रशोधनको पर्याप्त सम्भावना भएको क्षेत्र।
२. कोल्डस्टोरमा कृषि उपजहरु भण्डारण गर्दा धेरै कृषक/घरधुरी लाभान्वित हुने अवस्था।
३. महिला तथा सीमान्तकृत/विपन्न कृषकको सहभागिता र लाभ सुनिश्चित हुने अवस्था।
४. कोल्ड स्टोर सञ्चालन, व्यवस्थापन तथा नियमित मर्मतसम्भार गर्न सक्ने क्षमता भएको।

आवेदनसंग पेश गर्नुपर्ने कागजातहरु

१. निबेदन
२. संस्था/समूह/फर्म/दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. PAN/VAT प्रमाणपत्र र करचुक्ता (२०८२/८३)
४. समूह/संस्थाको निर्णयको प्रतिलिपि
५. स्थानीय जल लघु विधुत आयोजना कार्यालयबाट माग क्षमता अनुरुप मेसिनरी उपकरणहरु पूर्ण रुपमा संचालन हुने प्राविधिक सिफारिस पत्र
६. कोल्ड स्टोरमा भण्डारण गरिने कृषि उपज तथा अनुमानित वार्षिक परिमाण
७. प्रत्यक्ष लाभान्वित हुने कृषक/घरधुरी संख्या
८. उपलब्ध विद्युत सुविधाको विवरण
९. कोल्ड स्टोर सञ्चालन तथा व्यवस्थापनको योजना
१०. पालिका सँगको सम्झौता बमोजिम मासिक रावश्व तिर्ने प्रतिबद्धता
११. कोल्ड स्टोर सञ्चालनका लागि जिम्मेवार व्यक्ति/समितिको विवर

निरेश कटेल
कृषि विकास शाखा प्रमुख

धुव बहादुर शाही
नि.प्रमुख प्रशासकिय आधिकृत